# वेलायती प्रणालीको रूपमा परिचित
# भारतीय मोडेलको शासकीय स्वरूप नेपाललाई वेठीक

नेकपा (एमाले) ले आफ्नो निर्वाचन घोषणा पत्रमा नयाँ प्रकारको शासकीय स्वरुपको प्रस्ताव गरेको थियो- अव नेपालमा वेलायती मोडेल वा अमेरिकी मोडलको संसदीय व्यवस्था होइन, नेपाली स्टाइल कै शासकीय स्वरुप हुनुपर्छ ! एमालेको यो प्रस्तावको सारवस्तु “प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री र अप्रत्यक्ष निर्वाचित आलङ्कारिक राष्ट्रपति”को अवधारणको रुपमा प्रस्ताव गरिएको थियो ।

कतियपयले एमालेको यो प्रस्तावलाई “दुनियाँमा नै नभएको ... इजरायलमा असफल भइसकेको” तर्क गरी नकारे । कतिले त यो संसदीय प्रणाली नै होईन भन्ने समेत टिप्पणी गरे । वाम-कर्नरका अतिवादीहरुको “संसद भनेको वामपन्थी/ कम्युनिस्टहरुले अपनाउनै नहुने व्यवस्था” भन्ने तर्क र “संसदीय प्रणाली भनेको वेलायती मोडल मात्रै” भन्ने गैरवाम कुनाबाट तर्क गरियो ।

संसदीय प्रणाली कै पनि सबै ठाँऊमा वेलायतको जस्तै ढाँचा छैन, सबैका आ-आफ्नै मौलिक प्रयोगहरु छन् भन्नेतथ्यलाई उनीहरुले वेवास्ता गरे वा लुकाउन चाहे । जस्तो की **संयुक्त राज्य अमेरिका**को राष्ट्रपतीय प्रणाली पनि संसदीय प्रणाली नै हो । सबैलाई थाहा छ, अमेरिकी राष्ट्रपतिलाई विपक्षी दल, दुइवटा सदन, राज्यहरुको सापेक्ष शक्ति, सर्वोच्च अदालतको अधिकार क्षेत्र नाघेर मनलागि चल्ने अधिकार छैन । संसदीय मूल्य मान्यतालाई आत्मसात गर्दै **जर्मनी, फ्रान्स, र स्वीट्जरल्याण्ड** जस्ता थुप्रै युरोपेली मुलुकहरुले वेलायती (वेष्ट मिनिस्टर) मोडल अपनाएका छैनन् । संसदबाट चुनिने राष्ट्रपति नै कार्यपालिका प्रमुख भएको तर प्रधानमन्त्री नभएको अनौठो जस्तो देखिने प्रणाली **दक्षिण अफ्रिका**मा छ ।**स्पेन**मा संवैधानिक राजा छन्, तर प्रधानमन्त्री (कार्यपालिका प्रमुख) लाई राष्ट्रपति भन्ने प्रणाली पनि छ ।

माओवादीको चिनियाँ मोडेलको राष्ट्रपतीय प्रणाली, नेकाँको भारतीय तरीकाको संसदीय प्रणालीको तुलनामा नेपालको लागि यो प्रणाली ठीक मात्रै होइन सटिक हुनसक्छ । निस्चय नै यो प्रणालीका गुणमात्र हैन चुनौतीहरु पनि छन् । संविधानसभामा यसलाई “आफ्नै” नीजि मतको रुपमा फरक मत दर्ज गरेका नेपाली काँग्रेसका सभासद प्रदीप गिरीले **प्रत्यक्ष प्रधानमन्त्री; अप्रत्यक्ष राष्ट्रपतिका विशेषताहरुका रुपमा-** प्रत्यक्ष जनादेश प्राप्त र जनताप्रति सोझै उत्तरदायी कार्यपालिका प्रमुख; कार्यकारी स्थायित्व र प्रभावकारिताको ठोस माध्यम; संघीय विविधतामा लोकतान्त्रिक राष्ट्रिय एकताको प्रतीक; व्यवस्थापिकाको स्वतन्त्र (कार्यपालिकाको नियन्त्रणबाट मुक्त) व्यक्तित्व; शक्ति पृथकीकरण र सन्तुलनको सहज प्रवन्ध; विविधताको व्यवहारिक प्रतिनिधित्व गर्ने राष्ट्रप्रमुखका रुपमा राष्ट्रपति र राष्ट्रिय भरोसा र आस्थाको वैकल्पिक केन्द्रको रुपमा राष्ट्रपतिको संस्था” उललेख गरेका छन् । **यस प्रणालीमा उठ्ने केही प्रश्नहरु जस्तै-**“राष्ट्रपति, संसद, प्रधानमन्त्रीका वीच शक्ति सन्तुलन कसरी गर्ने?प्रधानमन्त्रीलाई काम गर्न सजिलो पार्दै संसदीय नियन्त्रण कसरी कायम गर्ने?संसदले असहयोग गरेमा के गर्ने?प्रधानमन्त्रीले संसदको अटेर गरे के गर्ने?” भन्ने विषयमा उनले अन्नपूर्ण पोष्टको २०६७ साउन ३० गतेको अङ्कमा यस्तो **सुझाव** प्रस्तुत गरेका छन्-

> राष्ट्रपतिको काम सामान्यतया सेरेमोनियल नै हुनेछ । तथापी, सेनाको प्रतीकात्मक परमाधिपति, व्यवस्थापिकाबाट पारित विधेययकहरुको स्वीकृति लगायतका विषय राष्ट्रपतिको प्रमुख संवैधानिक जिम्मेवारी हुनेछ । संवैधानिक मूल्य र मान्यताको उच्च मनोवल कायम राख्नु र संरक्षण गर्नु राष्ट्रपतिको कर्तव्य हुनेछ ।प्रधानमन्त्री प्रत्यक्ष निर्वाचित भएपनि

सरकारप्रमुख मात्र हुनेछन् । सरकारको नीति र कार्यक्रमहरु राष्ट्रपतिलाई जानकारी गराउनु प्रधानमन्त्रीको दायित्व हुनेछ ।सरकारको नीति र कार्यक्रम तथा त्यसकालागि बजेट संसदबाट अनुमोदन तथा पारित गर्नुपर्ने अनिवार्य व्यवस्था हुनेछ । सरकारका नीति, कार्यक्रम तथा वजेट संसदमा पारित हुन नसके संसदको सहयोग खोज्ने र वैकल्पिक कार्यक्रमहरुसहित सहयोगका लागि सरकारले लचकताको नीति खोज्नुपर्छ । पार्टीगत आधारमा मात्र सरकारको कामलाई संसदले निरन्तर अवरोध गरेर संसद र सरकारवीचको गतिरोधले निकास पाउन नसके सरकार आफैं पनि जनमतसंग्रहमा जानसक्ने प्राव्धान राख्न सकिनेछ । संसदले आफ्ना समितिहरु र सदनमार्फत सरकारको समग्र एवं मन्त्रालयगत कामकारबाहीहरु जनउत्तरदायि एवं पारदर्शी भए/नभएको हेर्नेछ तथा निरन्तर निगरानी गर्नेछ ।प्रधानमन्त्रीमाथि सामान्य ढंगको अविश्वास प्रस्ताव राख्ने प्रावधान नरहने भएपनि प्रधानमन्त्रीबाट गम्भीर प्रकृतिको संवैधानिक विचलन र अन्य गल्ती भएमा संसदको दुई तिहाई बहुमतले महाअभियोगद्वारा हटाउन सकिन्छ ।संसदलाई सत्तापक्ष र विपक्षको सनातनी खेलमा सीमित नगरी गुण र दोषका आधारमा सरकारको कामको स्वतन्त्र मूल्यांकन गर्ने अधिकार हुनेछ ।

पुस १५, २०६७